१. बजेट उपशीर्षक नं - ३७००२१०३

कृयाकलापको नाम- मदन भण्डारी अस्पताल तथा ट्रमा सेन्टरका लागि CT Scan

कार्यान्वयन गर्ने निकाय — प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र

| उपशीर्षक | विवरण |
|---|---|
| **खर्च शीर्षक नं.** | ३११२२ |
| **कृयाकलाप कोड** | ११.३.९.१५ |
| **उद्देश्य** | आधुनिक तथा प्रविधीमैत्री स्वास्थ्य सेवा प्रदान गर्न अस्पतालका लागि CT Scan मेसिन खरिद गरी हस्तान्तरण गर्ने। |
| **अपेक्षित उपलब्धि** | CT Scan मेसिन खरिद भइ मदन भण्डारी अस्पताल तथा ट्रमा सेन्टरबाट गुणस्तरीय स्वास्थ्य सेवा प्रवाह हुनेछ। |
| **सञ्चालन प्रक्रिया** | • प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रले कम्तिमा १२८ Slice को एक वटा CT Scan मेसिन खरिद गरी मदन भण्डारी अस्पताल तथा ट्रमा सेन्टरलाई हस्तान्तरण गर्नुपर्नेछ।<br>• मेसिन खरिद गर्दा Auto intelligence (AI) based USFDA approved product हुनुपर्नेछ। Maintenance Contract को कार्यशर्त अनिवार्य स्पेसिफिकेसनमा उल्लेख भएको हुनुपर्नेछ।<br>• खरिद प्रकृया प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम सम्पन्न गर्नुपर्नेछ।<br>• हस्तान्तरण पश्चात मदन भण्डारी अस्पताल तथा ट्रमा सेन्टरले सो मेशिन जडान गरी सञ्चालनमा ल्याउनुपर्नेछ । |
| **प्रतिवेदन प्रणाली** | • प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रले कार्यक्रमको नियमित प्रतिवेदन मन्त्रालयलाई गर्नुपर्नेछ। |

२. बजेट उपशीर्षक नं - ३७००११०३

कृयाकलापको नाम- गर्भवती तथा सुत्केरी महिलालाई पौष्टिक आहार खरिद तथा वितरण

कार्यान्वयन गर्ने निकाय — प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र

| शीर्षक | विवरण |
|---|---|
| खर्च शीर्षक नं. | २७२१३ |
| कृयाकलाप कोड | ७.२.९.३३ |
| उद्देश्य | गर्भवती तथा सुत्केरी महिलाहरुको पोषण अवस्थामा सुधार ल्याउन पौष्टिक आहार खरिद गर्ने। |
| अपेक्षित उपलव्धी | • आमा तथा नवजातशिशुको समग्र स्वास्थ्य सुधार भई रुग्णता दरमा कमी आउनेछ। |
| सञ्चालन प्रक्रिया | • प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रले सरकारी निकायमा कार्यरत न्युट्रिसनिस्ट/ डाइटिसियन बाट गर्भवती तथा सुत्केरी महिलाहरुको थप पोषण आवश्यकता आकलन गरी पोषण सामग्रीको स्पेसिफिकिसन तयार गर्नुपर्नेछ।<br>• पोषण सामग्री स्थानीय कृषि उत्पादन जस्तै भटमास, चामल, गहु, मकै, रागी, बदाम, खनिज तत्व, पाउडर दुध जस्ता बहुपोशक तत्व मिश्रित तुरुन्त उपभोग गर्न मिल्ने (Ready to Use Food) हुनुपर्नेछ। पोषण सामग्री ISO, HACCAP, GMP certified हुनुपर्नेछ।<br>• पोषण सामग्री उत्पादक खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागबाट मान्यता प्राप्त हुनुपर्नेछ। नेपाल सरकारलाई Ready to Use Food आपूर्ति गरेको अनुभब भएको हुनुपर्नेछ।<br>• प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावलीको अधिनमा रही खरिद प्रकृया सम्पन्न गर्नुपर्नेछ। पोषण सामग्रीको नमुना खाद्य प्रविधि तथा गुण नियन्त्रणबाट जांच गराएको रिपोर्ट माग गर्नुपर्नेछ।<br>• गर्भवती तथा सुत्केरी आमालाई पोषण सामग्री वितरण गर्न सम्बन्धित स्वास्थ्य कार्यालयसँगको समन्वयमा परिमाण निर्धारण गरी सम्बन्धित स्वास्थ्य कार्यालयसम्म ढुवानी गर्नुपर्नेछ। |
| प्रतिवेदन प्रणाली | प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रले कार्यक्रमको नियमित प्रतिवेदन मन्त्रालयलाई गर्नुपर्नेछ। |